**विश्वविद्यालय अनुदान आयोग,**
**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्**
गुणस्तर वृद्धि (Quality Enhancement) कार्यक्रममा सहभागिताका लागि
आवश्यक पूर्वतयारी गर्न प्रत्यायनकृत उच्च शैक्षिक संस्थाहरुको नाममा जारी

## सार्वजनिक सूचना

विश्वविद्यलाय अनुदान आयोग अन्तर्गत सञ्चालित उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रम ( Nurturing Excellence in Higher Education Program , NEHEP ) को Result Area २ अन्तर्गतका Sub Result Area मध्ये गुणस्तर वृद्धि ( Quality Enhancement) कार्यक्रमका लागि निकट भविश्यमै आवेदन माग हुन लागेकाले उक्त कार्यक्रमको कार्यसञ्चालन निर्देशिका (Operations Manual) को अध्याय ५, परिच्छेद ५.२ (पृष्ठ २७ देखि २९) मा भएको प्रबन्ध अनुसार आवश्यक पूर्वतयारी गर्नका लागि विश्वविद्यालय अनुदान आयोगबाट प्रत्यायनकृत भई एक वर्ष पूरा भईसकेका तर प्रत्यायनको अवधि कायम रहेका उच्च शैक्षिक संस्थाहरुका नाममा यो सार्वजनिक सूचना गरिएको छ ।

गुणस्तर वृद्धि (Quality Enhancement) अन्तर्गत दिइएका ४ वटा विषयगत विधा मातहतका सूचकहरुमा संस्थाको कार्यसम्पादनको वास्तविक स्थितिको स्वमूल्याँकन साथै यस अवधिमा थप प्रगतिका लागि समय उपलब्ध होस् भनी यो सूचना जारी गरिएको हो ।

परिच्छेद ५.२ मा भएको व्यवस्था अनुसार आवेदन पेश गर्दा निम्न शर्तहरु पूरा गर्नुपर्ने व्यहोरा पनि जानकारीका लागि अनुरोध छ :

क) स्नातकोत्तर तह सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरुले विषयगत विधाहरु मध्ये १ देखि ३ सम्मका प्रत्येक विधाबाट कम्तिमा २ वटा सूचकहरुमा दाबी पेश गर्नुपर्नेछ ।

ख) स्नातक तह मात्र सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरुले विषयगत विधा २ बाट कम्तिमा १ वटा सहित समग्रमा कम्तिमा ६ वटा सूचकमा दाबी पेश गर्नुपर्नेछ ।

ग) विषयगत विधा ४ बाट दाबी पेश भएको खण्डमा सो दाबी शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् वा सो ले तोकेको समितिबाट स्वीकृत भएपछि मात्र गणना हुने भएकाले यसको हकमा पूर्वस्वीकृति लिनुपर्नेछ । पूर्वस्वीकृति सहित दाबी पेश भएको खण्डमा स्नातकोत्तर तह सहितका संस्थाले विषयगत विधा २ को कम्तिमा १ वटा सहित कम्तिमा ५ वटामा र स्नातक तह मात्र सञ्चालित संस्थाले समग्रमा कम्तिमा ५ वटा सूचकमा दाबी पेश गर्नुपर्नेछ ।

कार्यसञ्चालन निर्देशिका (Operations Manual) आयोगको वेवसाईटमा उपलब्ध रहेको व्यहोरा समेत अनुरोध छ ।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा विश्वविद्यालय अनुदान आयोग शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् सचिवालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदको सचिवालय**
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर, नेपाल
इमेल : qaad@ugcnepal.edu.np
फोन : ०१-६६३८५४८/४९/५०/५१